# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


पत्र संख्या :- २०७३/७४
चलानी नम्बर :-३६०

मिति :-२०७३।०६।०४

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

**विषय :-आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत कम्पनीहरुले आफ्ना शेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश तथा सार्वजनिक निष्काशनको क्रममा धितोपत्र बाँडफाँट पश्चात लगानीकर्ताले माग गरे बमोजिम शेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम फिर्ता गर्दा समेत लगानीकर्ताले दरखास्त फाराममा उल्लेख गरेको आफ्नै बैंक खातामा नै जम्मा हुने व्यवस्था गर्न बोर्डबाट निर्देशन दिइएको पृष्ठभूमिमा सर्वसाधारण लगानीकर्ताहरुले नयाँ हितग्राही खाता (BOID) खोल्दा अनिवार्य रुपमा बैंक खाता राख्ने व्यवस्था त्यस लि. को प्रणालीमा तत्काल मिलाउन र हितग्राही खाता (BOID) खोलिसकेका लगानीकर्ताको हकमा बैंक खाता सम्बन्धी विवरण अनिवार्यरुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाउन यस बोर्डको मिति २०७३।०६।०४ को निर्णयानुसार अनुरोध गर्दछु ।

**बोधार्थ:**
१.श्री अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।
२.श्री नियमन तथा व्यवस्थापन विभाग, नेपाल धितोपत्र बोर्ड ।
३.श्री सुपरिवेक्षण तथा अनुसन्धान विभाग, नेपाल धितोपत्र बोर्ड ।

भवदीय,
..................
(निरञ्जय घिमिरे)
उप-निर्देशक

Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal